उदयपुरगढी गाउँपालिका

# उदयपुरगढी राजपत्र

खण्ड : ९ संख्या : ७ मिति : २०८२/०५/०२

**भाग – २**

**उदयपुरगढी गाउँपालिका**

## उदयपुरगढी गाउँपालिकाको सुत्केरीलाई साथ गाउँपालिकाको हात कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकर सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको सुत्केरीलाई साथ गाउँपालिकाको हात कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ जारी गरिएको छ।

आज्ञाले,  
भक्त बहादुर राई  
प्रमुख प्रशासकीय अधिकृत

**उदयपुरगढी गाउँपालिकाको सुत्केरीलाई साथ गाउँपालिकाको हात कार्यक्रम सञ्चालन कार्यविधि २०८२**

प्रकाशित मिति २०८२/०५/०२

प्रस्तावनाः

उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको **सुत्केरीलाई साथ गाउँपालिकाको हात** कार्यक्रमलाई व्यवस्थित र वस्तुपरक ढंगबाट सञ्चालन गरी लक्षित बर्गमा न्यायिक प्रभाव समेत पर्ने गरी र गाउँपालिका क्षेत्र भित्र स्थायी वासिन्दा रहेको सुत्केरी आमाहरुलाई आफ्नो साथमा गाउँपालिका छ भन्ने आभाष दिलाई ढुक्क हुने वातावरण सृजना गर्नको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपाल सरकारको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम **उदयपुरगढी गाउँपालिकाको सुत्केरीलाई साथ गाउँपालिकाको हात कार्यक्रम सञ्चालन कार्यविधि २०८२** रहेको छ ।

२) यो कार्यविधि गाउँकार्यपालिकाले २०८२ साउन १ गते देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) कार्यपालिका भन्नाले यस उदयपुरगढी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) कार्यालय भन्नाले उदयपुरगढी गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले उदयपुरगढी गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्दछ ।

घ) लेखा शाखा प्रमुख भन्नाले उदयपुरगढी गाउँपालिकाको गाउँकार्यपालिकाको लेखा शाखाको प्रमुखको रुपमा काम गर्ने अख्तियारी प्राप्त कर्मचारी सम्झनु पर्दछ ।

ङ) शाखा भन्नाले उदयपुरगढी गाउँपालिकाको बहुक्षेत्रीय पोषण शाखा सम्झनु पर्दछ ।

च) स्वास्थ्य शाखा भन्नाले उदयपुरगढी गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ ।

छ) लाभग्राही भन्नाले सुनौलो हजार दिन भित्र पर्ने सुत्केरी आमा सम्झनु पर्दछ ।

ज) सिफारिस समिति भन्नाले सम्बन्धित वडाको पोषण तथा खाद्य सूरक्षा निर्देशक समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## लाभग्राहीको पहिचान

३. लाभग्राहीको पहिचान गर्ने कार्य शाखाको कर्मचारीको हुनेछ ।

भरत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

४. शाखाको कर्मचारीले हरेक महिनामा लाभग्राहीको तथ्याँक अद्यावधिक गरी राख्नु पर्नेछ।

५. शाखाको कर्मचारीलाई यस्ता लाभग्राहीको विवरण उपलब्ध गराउनु स्वास्थ्य संस्थाका प्रमुखहरुको कर्तव्य हुनेछ ।

६. थप सहायताको लागि सुत्केरी हुनु पुर्व नै शाखाको कर्मचारीले आवश्यक पहल गरिसक्नु पर्नेछ ।

## परिच्छेद ३
## उपहार वितरण

७. यस गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास भएका महिला सुत्केरी हुँदा यस कार्यविधि बमोजिमको उपहार गाउँपालिकाले शाखाको कर्मचारीको पहलमा उपलब्ध गराउने छ ।

८. उपहारमा निम्न कुराहरुको प्याकेज प्रदान गरिने छ ।

क) भाले डेढ किलो ।

ख) घ्यू १ किलो ।

ग) जुवानो ५०० ग्राम ।

घ) वेवी सेट थान १ ।(वेवी टावेल, वेवी आयल, डिटोल साबुन, नेइल कटर, डाइपर १० वटा)

ङ) खोप शेड्यूल कार्ड ।

च) स्मार्ट डम्पती कार्ड ।

९. दफा ८ को देहाय (ङ) र (च) को कार्ड तयारी गर्ने कार्य स्वास्थ्य शाखाको हुनेछ ।

१०. उपहार वितरण गर्दा सम्भव भए सम्म गाउँपालिका अध्यक्ष ज्यू, गाउँपालिकाको उपाध्यक्ष ज्यू, सम्बन्धित वडाको वडा अध्यक्ष ज्यू, शाखाको कर्मचारी र सम्बन्धित महिला स्वास्थ्य स्वयं सेविकाको उपस्थितिमा वितरण गरिने छ।

११. उपहार वितरणको प्याकेज तयारी अवस्थामा राख्ने कार्य शाखाको कर्मचारीको हुने छ । यस्तो कार्यको लागि शाखाको कर्मचारीले एक मुष्ठ रुपमा पेश्की लिई कार्यान्वयन गर्नु पर्नेछ र कार्य सम्पन्न भई सके पछि विल, भर्पाई र कार्यक्रम कार्यान्वयन चरणका फोटोहरु समेत पेश गरी नियमानुसार पेश्की फर्छ्यौट गर्नु पर्नेछ ।

## परिच्छेद ४
## थप सहायता

१२. दफा ७ मा जुनसुकै कुरा लेखिएको भएता पनि थप सहायता उपलब्ध गराउनु पर्ने भएमा सो समेत उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

१३. दफा १४ बमोजिमको सहायता उपलब्ध गराउनु पर्ने भएमा सिफारिस समितको सिफारिसको आधारमा गाउँपालिका स्तरीय पोषण तथा खाद्य सूरक्षा निर्देशक समितिको निर्णय बमोजिम मात्र उपलब्ध गराइने छ।

१४. थप सहायतामा देहायका सहायताहरु पर्नेछन् ।

क) मध्यम बर्गमा पर्ने २५ किलो तौलको चामल १ बोरा ।

ख) आयोडिन यूक्त नुन १ किलो ।

ग) खाने तेल १ लिटर ।

घ) मध्यम खालको न्यानो सिरक १ थान ।

ङ) गाउँपालिका स्थित स्वास्थ्य संस्थामा सुत्केरी गराउन नसक्ने स्थिति आई सम्बन्धित स्वास्थ्य संस्थाको इन्चार्जले रिफर गरेको हकमा सिफारिस समितिको सिफारिस बमोजिम बढिमा रु ५ हजार यातायात खर्च ।

## परिच्छेद ५

## लाभग्राहीको योग्यता

१५. यस कार्यविधिको दफा ८ र १४ बमोजिम लाभग्राही हुनको लागि देहाय बमोजिमको योग्यता अनिवार्य हुनेछ।

क) गाउँपालिका भित्र स्थायी बसोबास भएको ।

ख) विवाहित छोरीको हकमा शिशुको बाबुको स्थायी ठेगाना यसै गाउँपालिका भित्र रेहको वा यस उदयपुरगढी गाउँपालिका बाहेक अन्य स्थानीय तह हो भन्ने यकिन नभएको ।

ग) स्वास्थ्यको पोर्टफोलियो बमोजिम अनिवार्य ४ वा ८ पटक गर्भ जाँच गरेको ।

## परिच्छेद ६

## विविध

१६. यस कार्यविधिमा छुटेका कुनै विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

१८. यस कार्यविधि गाउँ कार्यपालिकाले संशोधन तथा खारेजी गर्न सक्नेछ ।

आज्ञाले
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत